REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs      Date: 03.12.2024

## ID of Persons with Disabilities

देशमा आज अन्तर्राष्ट्रिय दिव्याङ्गजन दिवस पालन  गरियो।

यो वर्ष यसको विषय थियो 'समावेशी र दिगो भविष्यका लागि दिब्याङ्गजनाको नेतृत्वलाई प्रोत्साहित गर्नु'।

यस अवसरमा नयाँ दिल्लीमा आयोजित समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले ३३प्रतिशत दिब्याङ्गता हुने अनुकरणीय व्यक्तिहरू र संस्थानहरूलाई सशक्तिकरणका लागि राष्ट्रिय पुरस्कार प्रदान गर्नुभयो।

राष्ट्रपतिले दिब्याङ्गजनलाई सार्वभौमिक सुगमता प्रदान गर्नमा सुसम्य भारत अभियानको भूमिकाको उल्लेख गर्नुभयो।

यो अभियान 'दिब्याङ्गजन' सहानुभूतिको होइन तर सम्मानका पात्र हुन् भन्ने कुरोको प्रमाण हो।

## ID of persons with Disabilities -State

यसैवीच महिला तथा बाल विकास विभागको तत्वावधानमा पाकिममा आयोजित  अन्तर्राष्ट्रिय दिब्याङ्गजन दिवस कार्यक्रमलाई सम्बोधन गर्दै विभागकी उप निदेशक श्रीमती डिकित लेप्चाले दिब्याङ्गहरूको योग्यतालाई बुझ्नुपर्ने खाँचोमाथि जोड़ दिनुभयो र भन्नुभयो समावेशी परिवेशका लागि सामूहिक जिम्मेवारी आवश्यकता पर्छ।

आफ्नो वक्तव्यमा कृषि विभागकी उप निदेशक सुश्री रेबेका गुरूङले दिब्याङ्ग व्यक्तिहरूसित उपलब्ध सेवा र संसाधनहरूको उपभोग गर्न प्रोकत्साहित गर्नुभयो।

यस अवसरमा दिब्याङ्गजनलाई सम्मानित गर्नका साथै सहायक उपकरण वितरण कार्यक्रम अनि आँखा जाँच शिविर आयोजन गरियो।

ID Disabilities Gangtok

गान्तोकमा आयोजित भएको दिब्याङ्गजन दिवस समारोहमा समन्वित तथा समावेशी स्वास्थ्य अभइयानको शुभारम्भ गरियो।

यसमा बोल्दै स्वास्थ्य कार्यलय USAID भारतका निदेशक सुश्री ल्याङ्ग एयालीले भन्नुभयो स्वास्थ्य सबैका लागि मौलिक अधिकार हो र समाजको प्रत्येक क्षेत्रमा दिव्याङ्गहरू सामेल गर्नुपर्छ।

उहाँले विभिन्न योजना र सुविधाहरूद्वारा दिव्याङ्गहरूलाई सहयोग गर्ने सिक्किम सरकारको पहलको प्रशंसा गर्नु भयो।

राज्यका अन्य जिल्लाहरूमा पनि आज अन्तर्राष्ट्रिय दिब्याङ्गजन दिवस पालन गरियो।

Sugamya Bharat Abhiyaan

सुगम्य भारत अभियानको आज नवौं वर्षगाँठ हो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले शुभारम्भ गर्नु भएको यस अभियानलाई सुलभ भारत अभियानको नामले पनि जानिन्छ।

यो परिवर्तनकारी पहलको उदेश्य दिब्याङ्गजनका लागि एक सुलभ र समावेशी भारतको निर्माण गर्नु रहेको छ।

Hornbill Festival

नागाल्याण्डको किसामा हेरिटेज भिलेजमा आयोजन भइरहेको हर्नबील उत्सव 2024 को तेस्रो दिन आज सिक्किम राज्यबाट पर्यटन तथा नागिरक उड्डयन मन्त्री श्री छिरिङ थेण्डुप भुटिया उपस्थित रहनुभयो।

यसमा अन्य बाहेक SIMFED का अध्यक्ष श्री तेञ्जिङ दोर्जी भुटिया र भारतमा पेरूका राजदूत श्री जेभियर पाउलिनिचको पनि उपस्थिती थियो।

आज बिहानको सत्रमा पूर्वेत्तर भारतबाट लगभग अठार  जनजातिका सास्कृतिक टोलीले कार्यक्रम प्रस्तुत गरे।

पछि अपरान्हको समयमा आयोजित समारोहमा केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावत् मुख्य अतिथि हुनुहुन्थ्यो।

कार्यक्रमपछि सिक्किमका पर्यटन मन्त्री श्री छिरिङ थेण्डुप भुटियाले राज्यको तर्फबाट खडा गरिएका स्थलहरूको भ्रमण गर्नका साथै बाइक र्यालीमा भाग लिने राज्यका प्रतिनिधिहरूसित भेट गर्नुभयो।

पछि नागाल्याण्डका मुख्यमन्त्री श्री नेफ्यू रियोले पनि सिक्किममका प्रतिनिधिहरूसित भेटेर कुराकानी गर्नुभयो।

NFICI Meeting

भारतमा राष्ट्रिय सूचना आयोग महासंघ NFICI को Board of Governors का सदस्यहरू भारतका मुख्य सूचना आयुक्त श्री हीरालाल सामरिया, महाराष्ट्रका राज्य सूचना आयुक्त डा. प्रदीप ब्यास र उत्तरखण्डका श्री विवेक शर्मा, बिहारका श्री त्रिपुरारी शरण, आन्द्रप्रदेशका श्री माहाबूब बास र ओडिसाका श्री सुशान्त कुमार मोहन्ती  चार दिवसीय सिक्किम भ्रमणमा आज गान्तोक आउनुभएको छ।

उहाँहरूको NFICI को एकतीसौं बोर्ड  of Governors ka बैठकमा उपस्थित रहने कार्यक्रम छ।

भारतका मुख्य सूचना आयुक्तको  नेतत्वमा हुने बैठकमा आयोजक सिक्किम लगायत बिहार, आन्ध्रप्रदेश, मणिपुर, ओडिसा , महाराष्ट्र र उत्तराखण्डका गरी सातजना राज्य मुख्य सूचना आयुक्तहरूको सहभागिता रहनेछ।

MNP waste segregation

दिगो फोहोर प्रबन्धन र पर्यावरण संरक्षणको दिशातर्फ एउटा महत्वपूर्ण पाइला चाल्दै मंगन नगर  पञ्चायतले आधिकारिक रूपमा फोहोर छुट्याउने पहल शुरू गरेको छ।

कागजपत्र र प्लास्टिक छुट्याउने पहलको उदेश्य Material Recovery सुविधामा सुख्खा फोहोर छुट्याउनमा समस्या उत्पन्न गर्ने कागजको फोहोर निकाल्नु रहेको छ।

अभियानको एक भागको रूपमा घरघरमा र शहरी स्थानीय निकायका व्यापार स्थलहरूमा कागज र प्लास्टिक छुट्याउन फुस्रो र सेतो रंगको फोहोर फ्याँक्ने थैलाहरू वितरण गरियो।

आर एस हेल्थ केयर

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले भन्नुभएको छ सरकारले देशमा प्राथमिक स्वास्थ्य सेवा सुबिधालाई सुदृढ़ बनाउनका लागि लगातार काम गरिरहेछ।

राज्यसभामा आज प्रश्नकालको अवधिमा एउटा पूरक प्रश्नको उत्तर दिँदै श्री नड्डाले भन्नुभयो भारतमा लगभग एक लाख तिरात्तर हजार आयुष्मान आरोग्य मन्दिर स्थापित गरिएका छन्।

उहाँले भन्नुभयो केन्द्र सरकारले तीस वर्षको आयुसम्म मधुमेह, उच्च रक्तचाप र क्यान्सर जस्ता अन्य बिमारीको पत्तो लगाउनका लागि सार्वभौभिक जाँच गर्ने योजना बनाइरहेछ।

सरकारले राष्ट्रिय टेली-मानसिक स्वास्थ्य कार्यक्रम लागू गरिरहेको र मानसिक स्वास्थ्य सहायताका लागि त्रिपन्नवटा टेलीमानस केन्द्र स्थापना गरेको कुरो बताउँदै मन्त्रीले भन्नुभयो परामर्श बीसवटा क्षेत्रीय भाषाहरूमा दिँइदैछ।